प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# नेपाल बनेपा बहुप्राविधिक शिक्षालय, बनेपा, काभ्रेपलाञ्चोकको

## प्रशिक्षार्थी भर्ना सम्बन्धी सूचना

**प्रकाशन मिति :** २०७९/०४/२६ गते बिहीबार

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् **(CTEVT)** को आङ्गिक संस्था यस नेपाल बनेपा बहुप्राविधिक शिक्षालय **(NBPI)**, बनेपा, काभ्रेपलाञ्चोकमा शैक्षिक सत्र २०७९/०८० को लागि **डिप्लोमा तह सूचना प्रविधि, डिप्लोमा तह इलेक्ट्रिकल ईन्जिनियरिङ्ग, डिप्लोमा तह होटल व्यवस्थापन, डिप्लोमा तह सिभिल ईन्जिनियरिङ्ग र डिप्लोमा तह जियोमेटिक्स ईन्जिनियरिङ्ग** कार्यक्रमहरूमा पूर्ण शुल्किय कोटा तर्फ भर्ना खुलेको हुँदा योग्यता पुगेका इच्छुक प्रशिक्षार्थीहरूका लागि **प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर**द्वारा मिति २०७९/०४/१२ गते बिहीबारको गोरखापत्र राष्ट्रिय दैनिकमा जारी गरेको सूचना तथा परिषद् कार्यालयको मिति २०७९/०४/२६ गते बिहीबारको परिमार्जित सूचना बमोजिम दरखास्त आव्हान गरिन्छ ।

**तपसिलः**

| क्र.सं. | विवरण | कार्यक्रम/सिट संख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | डिप्लोमा तह सूचना प्रविधि | डिप्लोमा तह इलेक्ट्रिकल ईन्जिनियरिङ्ग | डिप्लोमा तह होटल व्यवस्थापन | डिप्लोमा तह सिभिल ईन्जिनियरिङ्ग | डिप्लोमा तह जियोमेटिक्स ईन्जिनियरिङ्ग |
| १. | **छात्रवृत्ति** | **५ जना** | **५ जना** | **४ जना** | **५ जना** | **५ जना** |
| क. | जेहेन्दार छात्रवृत्ति कोटा | १ जना | १ जना | १ जना | १ जना | १ जना |
| ख. | वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटा | ४ जना | ४ जना | ३ जना | ४ जना | ४ जना |
| २. | सहुलियत कोटा (बनेपा नगरपालिका) | ४ जना | ४ जना | ३ जना | ४ जना | ४ जना |
| ३. | परिषद् (CTEVT) कर्मचारी/प्रशिक्षक वा परिवार आरक्षण कोटा | १ जना | १ जना | १ जना | १ जना | १ जना |
| ४. | **पूर्ण शुल्कीय लक्षित वर्ग कोटा** (अपाङ्ग, पूर्व कमैया/हलिया, पिछडिएको दुगर्म क्षेत्र, दलित, महिला, आदिवासी-जनजाति, मुस्लिम, मधेशी र जनआन्दोलन/जनयुद्ध/मधेश आन्दोलनका/द्वन्द्व पिडित/विस्थापित/वेपत्ता/सहिद परिवार/घाइते वा निजको सन्तती वर्गका लक्षित समूह) | ५ जना | ५ जना | ४ जना | ५ जना | ५ जना |
| ५. | प्रि-डिप्लोमा/टि.एस.एल.सी. (पूर्ण शुल्कीय) कोटा | ५ जना | ५ जना | ४ जना | ५ जना | ५ जना |
| ६. | पूर्ण शुल्कीय खुला कोटा | २८ जना | २८ जना | २४ जना | २८ जना | २८ जना |
| | **जम्मा (१+२+३+४+५+६)** | **४८ जना** | **४८ जना** | **४० जना** | **४८ जना** | **४८ जना** |

**१. न्यूनतम शैक्षिक योग्यताः**

| क्र.सं. | कार्यक्रम | न्यूनतम शैक्षिक योग्यता (परीक्षा प्रणाली अनुसार) |
|---|---|---|
| १.१ | डिप्लोमा तह<br>• सूचना प्रविधि<br>• इलेक्ट्रिकल ईन्जिनियरिङ्ग<br>• सिभिल ईन्जिनियरिङ्ग<br>• जियोमेटिक्स ईन्जिनियरिङ्ग | • मान्यता प्राप्त शिक्षण संस्थावाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सि.वा सो सरहको परीक्षा उतिर्ण गरेको ।<br>• मान्यता प्राप्त शिक्षालयवाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य गणित र विज्ञान विषयमा न्यूनतम **C** (सी) **Grade** र अंग्रेजी विषयमा न्यूनतम **D+** (डी प्लस) **Grade** प्राप्त वा परिषद्वाट संचालन हुने कार्यक्रमसंग सम्वन्धित तोकिएका प्राविधिक एस.एल.सि./प्रि डिप्लोमाको कुल पूर्णाङ्कमा ६८.३३% अंक प्राप्त गरेको । |
| १.२ | डिप्लोमा तह<br>• होटल व्यवस्थापन कार्यक्रम | • मान्यता प्राप्त शिक्षण संस्थावाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सि.वा सो सरहको परीक्षा उतिर्ण गरेको ।<br>• मान्यता प्राप्त शिक्षालयवाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयहरूमा न्यूनतम **D+** (डी प्लस) **Grade** प्राप्त वा परिषद्वाट संचालन हुने कार्यक्रमसंग सम्वन्धित तोकिएका प्राविधिक एस.एल.सि./प्रि डिप्लोमाको कुल पूर्णाङ्कमा ६८.३३% अंक प्राप्त गरेको । |

**२. आवेदन फाराम पाइने र बुझाउने स्थान :** आवेदन फाराम शिक्षालयवाट वा **Website:** 
भरेर शिक्षालयमा बुझाउनु पर्ने छ ।

नेपाल सरकारले तोकेको स्वास्थ्य सम्बन्धी मापदण्ड समेतलाई पालना गर्दै मिति २०७९ भाद्र ९ गते कार्यालय समयभित्र रीतपूर्वक आवेदन दिनुहुन सूचित गरिन्छ ।

**३. फाराम बुझाउने अन्तिम मिति :** २०७९/०५/०९ गते बिहीबार कार्यालय समय भित्र ।

**४. प्रवेश परीक्षा शुल्क :** रु.१५००/- (एक हजार पाच सय रुपैयाँ मात्र)

**५. प्रवेश परीक्षा संचालन हुने मिति :** २०७९ भाद्र १७ गते दिउँसो ३:०० बजे ।

**६. शुल्क जम्मा गर्ने बैंक तथा खाता नं. :** नेपाल बनेपा बहुप्राविधिक शिक्षालय, बनेपा-५, काभ्रेपलाञ्चोकको रा.बा. बैंक, बनेपा शाखामा रहेको चल्ती १८१०१००००००९९००१ मा रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्ने ।

**७. खातावालाको नाम :** नेपाल बनेपा बहुप्राविधिक शिक्षालय, बनेपा-५, काभ्रेपलाञ्चोक ।

**८. फारामसाथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू :**

(क) स्पस्ट मुखाकृती देखिने हालसालै खिचेको पासपोट साईज (35mm x 45mm)को दुई प्रति रंगिन फोटो । फोटोको पछाडी नाम,थर र अध्ययन गर्न चाहेको कार्यक्रम स्पस्टसंग लेखिएको हुनुपर्ने छ ।

(ख) एस.ई.ई. वा एस.एल.सी.वा प्राविधिक एस.एल.सि.(प्रि डिप्लोमा) वा सो सरहको लब्धाङ्कपत्र र चारित्रिक प्रमाण-पत्रको प्रतिलिपी ।

(ग) नागरिकताको प्रतिलिपि वा जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपि ।

(घ) पुर्ण शुल्किय लक्षित वर्ग कोटामा समावेश हुने प्रशिक्षार्थीहरुले आफु पर्ने लक्षित वर्ग खुल्ने कागजातहरुको प्रतिलिपी ।

(ङ) बनेपा नगरपालिका कोटाको लागि बनेपा नगरपालिका कार्यालयको सक्कल सिफारिस-पत्र फारामसाथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(च) शुल्क जम्मा गरेको सक्कल बैंक भौचर ।

(छ) नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको नियकाद्वारा समकक्षता निर्धारण गरिएको पत्रको प्रतिलिपी ।

(ज) तोकिएको कार्यक्रमको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता नपुगी ग्रेड बृद्धिका लागि एस.ई.ई.मौका परीक्षामा समावेश हुने परीक्षार्थीहरुले प्रवेश परीक्षामा सामेल हुन पाउनेछन् तर तोकिएको समयमा ग्रेड बृद्धिका लागि एस.ई.ई.को मौका परीक्षाको नतिजा प्रकाशित भई नसकेको अवस्थामा पनि भर्ना लिन सकिनेछ र ग्रेड बृद्धि नभएमा सो भर्ना स्वतःरद्ध हुनेछ र भर्ना हुदा परीक्षार्थीले तिरेको सम्पूर्ण रकम सम्वन्धित परीक्षार्थीलाई फिर्ता दिईनेछ ।

**८. फाराम भर्ने तरिका :**

(क) आवेदन फाराम शिक्षालयवाट वा **Website:** ***www.ctevtexam.org.np*** वा ***www.nbpi.edu.np*** बाट आफूलाई मिल्ने (पूर्ण शुल्कीय खुल्ला कोटा, पूर्ण शुल्कीय लक्षित वर्ग कोटा वा पूर्ण शुल्कीय प्रि-डिप्लोमा कोटा मध्ये कुनै १ वटा आवेदन फाराम Download गर्ने ।

(ख) रीतपूर्वक फाराम भरी फोटो टाँस गरी हस्ताक्षर गरी आवश्यक कागजातहरु पेश गर्नुपर्ने ।

(घ) सम्पूर्ण आवश्यक कागजातहरु, रीतपूर्वक भरेको आवेदन फाराम, बैंक भौचर, फोटो Attached गरी शिक्षालयमा बुझाउने ।

थप जानकारी लिनुपरेमा नेपाल बनेपा बहुप्राविधिक शिक्षालय, बनेपा-५, काभ्रेपलाञ्चोकको **फोन ०११-६६४२९०, ०११-६६०८६७** मा सम्पर्क गर्न सकिनेछ । साथै **website:** ***www.ctevt.org.np*** र ***www.nbpi.edu.np*** बाट समेत जानकारी लिन सकिनेछ ।

**शिक्षालय प्रमुख**